बैठक संख्या:

आज मिति २०८० साल भदौ १३ गते बुधबारका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भ्लोन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईवा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमार च्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री राम कुमार कार्की | सदस्य सचिव | |

**अन्य उपस्थिति :**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप थापा | कम्प्युटर अपरेटर | |
| २ | [illegible] | [illegible] | |
| ३ | | | |

**घ्याङलेख गाउँपालिका**

**गाउँ कार्यपालिकाको बैठकको**

**प्रस्ताव तथा निर्णयहरु**

**मिति २०८० साल भदौ १३ गते बुधबार**

**बैठकका प्रस्तावहरु**

१। अघिल्ला कार्यपालिका बैठकका निर्णयको समिक्षा सम्बन्धमा ।
२। विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता सम्बन्धमा ।
३। १० लाख भन्दा बढिका योजनाहरु बोलपत्र र सिलबन्दी दरभाउपत्र सम्बन्धमा ।
४। शिक्षा नियमावली संसोधन र कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।
५। ४ पाङ्ग्रे सवारी साधन जिप, २ पाङ्ग्रे सवारी साधन मोटर र हेभी इक्विपमेन्ट ब्याक्हुलोडर सम्बन्धमा ।
६। इन्धन सम्बन्धमा ।
७। विपद व्यवस्थापन समिति सम्बन्धमा ।
८। खरिद योजना सम्बन्धमा ।
९। कोशेली घर बनाउने स्थान छनौट सम्बन्धमा ।
१०। पशु स्वास्थ्य क्लिनिक सम्वन्धमा ।
११। सडक निर्माणको लागि ढुङ्गा, गिट्टि बालुवा उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १ :**

यस अघि भए गरेका निर्णयहरुको समिक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस गाउँपालिका अन्तरगत रहेका विद्यालयमा कार्यरत रहनु भएको शिक्षक तथा कर्मचारीहरुको निकासा अनुसार तलब भत्ता आर्थिक प्रशासन शाखासँग समन्वय गरी मासिक रुपमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

आ.व. २०८०।०८१ को स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये १० लाख भन्दा बढीका निर्माण कार्यहरु ठेक्कावाट निर्माण सम्पन्न गराउने बारेमा छलफल भयो । यो सम्बन्धमा अन्यत्र कार्यालयहरुमा पनि १ करोड मुनिका योजनाहरु उपभोक्ता समितिबाट गरे नगरेको, बेरुजुको स्थिति र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय समेत हेरी अर्को बैठकमा निर्णयको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

घ्याङलेख गाउँपालिका तपसिल बमोजिमको शिक्षा नियमावली संसोधन र कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

**नियमावली**

२. घ्याङलेख गाउँपालिका शिक्षा नियमावली, २०७६ (पहिलो संसोधन) २०८०

**कार्यविधि**

१. घ्याङलेख गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा करार सेवाबाट शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०८०

**निर्णय नं. ५ :**

घ्याङलेख गाउँपालिकाको ४ पाङ्ग्रे सवारी साधन जिप, मोटरसाइकल र हेभी इक्विपमेन्ट व्याक्हुलोडर मर्मत तथा पाटपुर्जा समेत राखी सम्भार कार्यको लागी मिति २०८०।०४।३२ गते सूचना प्रकाशन भए बमोजिम दर्ता हुन आउने फर्महरु मध्ये स्वीकृत दररेट पेश गर्ने फर्म तथा कम्पनीलाई मर्मत आदेश दिने र अन्य बाहिरी जिल्लामा गाडि बिग्रिएर मर्मत गर्नु पर्ने भएमा नजिकको वर्कसपबाट मर्मत गराउन सकिने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस गाउँपालिकाको सम्पूर्ण शाखा प्रमुख र प्राविधिक कर्मचारीहरुलाई मासिक १० लि. पेट्रोल कुपन मार्फत दिइदै आएकोमा अब आइन्दा शाखा प्रमुख र प्राविधिक कर्मचारी पेट्रोल मोबिलको कुपन नकाटी तलब भत्ता भुक्तानी गर्दा १० लि. पेट्रोलको रकम सोहि दिनको मूल्यमा, सोही तलबी पेरुलमा समाबेस गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६ को दफा ९को उपदफा ९.१ बमोजिमको विपद व्यवस्थापन समितिमा पदेन बाहेक तपसिल बमोजिमको पदाधिकारी पूर्णता दिने निर्णय गरियो ।

**तपसिल**

**१) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका स्थित प्रमुख वा प्रतिनिधि**

क) नेपाली काङ्ग्रेस - एक बहादुर खड्का वा निजले तोकेको प्रतिनिधि

ख) ने.क.पा.एमाले - कृष्ण बहादुर थिङ वा निजले तोकेको प्रतिनिधि

ग) ने.क.पा. माओवादी - चक्र बहादुर पाखिन वा निजले तोकेको प्रतिनिधि

२) स्थानीय उद्योग वाणिज्यसंघको प्रतिनिधि

३) नेपाल रेडक्रस सोसाईटी उपशाखा तामाजोरको प्रतिनिधि

४) नेपाल पत्रकार महासंघ र जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरी तोके बमोजिम ।

**निर्णय नं. ८ :**

आ.व. २०८०।०८१ को कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्न तयार भएको खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीको च.नं. १४ (प्र) मिति २०८०।०४।१५ गतेको पत्रानुसार कोशेली घर निर्माणका लागी जग्गा उपलब्ध गराउन भनि पत्र प्राप्त भए अनुसार यस गाउँपालिकाको वडा नं. १ को अमले सिम्ले खट्टारमा निर्माणका लागि स्थान छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०:**

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिन्धुलीको च.नं. ४५ मिति २०८०।०५।०५ गतेको पत्रानुसार पशुपन्छी जन्य रोगहरुको नियन्त्रण र रोकथाम गर्ने पशु स्वास्थ्य क्लिनिक स्थापनाका लागि यस गाउँपालिका वडा नं. ३ र ४ मा एक एक वटा पशु स्वास्थ्य क्लिनिक स्थापना गर्न ठाउँ छनौट गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११:**

प्रादेशिक सडक डिभिज कार्यालय सिन्धुलीको च.नं. ३९ मिति २०८०।०४।३१ गतेको पत्र प्राप्त भई व्यहोरा माथि छलफल भयो । सो अनुसार सडक निर्माण गर्नको लागि चाहिने ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ मा भएका प्रावधान र गाउँपालिकाको नदीजन्य प्राकृतिक पदार्थको संकलन तथा उत्खननको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन अनुसार बागमति प्रदेशको आर्थिक ऐनमा तोकिए अनुसारको दररेट लिई उपलब्ध गराउने निर्णय गरियो । साथै दफा ९ बमोजिमको अनुगमन समितिलाई सोको अनुगमन गर्न अनुरोध गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं. १२: विविध माथि छलफल गर्दा**

क) स्वास्थ्य चौकी अमलेमा कार्यरत अ.न.मी श्री पारु भुजेल प्रसुति विदामा रहि तत् पश्चात लामो अवधि विदामा रहेको, काजमा कमलामाई नगरपालिका गएको र विना जानकारी अनुपस्थित समेत रहेकोले स्वास्थ्य चौकिको कामकाजमा बाधा परेको हुँदा निजलाई अविलम्व हाजिर हुन लेखि पठाउने निर्णय गरियो ।